नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय**

# प्रतिलिपि अधिकार बुलेटिन
## Copyright Bulletin

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको वार्षिक प्रकाशन

जि.प्र.का. द.नं. ०४७/०६३/६४

आषाढ २०७८ | Volume 11, issue 31 | July 2021

## यस भित्र

- प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालय एक चिनारी
- आ.व. २०७७।७८ का मुख्य कार्यक्रमहरु
- प्रतिलिपि अधिकार कानुन कार्यान्वयन र रोयल्टी व्यवस्थापनमा प्रदेश सरकारको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम कास्कीको पोखरामा सम्पन्न
- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा विभिन्न जिल्लाहरुमा एकदिवसीय गोष्ठीहरु सम्पन्न
- रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठकहरु सम्पन्न ।
- विश्व बौद्धिक सम्पत्ती दिवसको अवसरमा जेष्ठ सर्जक श्री भैरव वहादुर थापाज्यूलाई सम्मान एवं वहांको रचना "नित्याक्षर विज्ञान" को दर्ता प्रमाणपत्र प्रदान
- विश्व पुस्तक दिवस तथा प्रतिलिपि अधिकार दिवस, २०२१ को सन्दर्भमा AP1 Television बाट साक्षात्कार कार्यक्रम आयोजना

**सम्पादक समूह**
विष्णु कुमारी भट्टराई
शिव कुमार अधिकारी

**इमेल**
www.nepalcopyright.gov.np

Audio Notice Board
1618014431155

यदि तपाईसंग बौद्धिक सम्पति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफुलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनु होला । यस बुलेटिनका आगामी अकंहरुमा तपाईका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौ ।

धन्यवाद ।

## प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय एक चिनारी:




साहित्य, संगीत, कला, वास्तुकला, चलचित्र, ज्ञान-विज्ञान र सूचना प्रविधि जस्ता क्षेत्रमा मानव मस्तिष्कले गरेका सिर्जनाहरूको संरक्षण गर्दै सर्जकका आर्थिक र नैतिक अधिकारको प्रत्याभूति गर्न एवं ती सिर्जनालाई विभिन्न माध्यमबाट जनसमक्ष लैजाने ध्वनिअङ्कन उत्पादक, प्रस्तोता र प्रसारण संस्था जस्ता तत्सम्बन्धी अधिकार प्राप्त हुने व्यक्ति तथा निकायहरूको अधिकार संरक्षणको कार्य गर्न प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भएको हो । प्रतिलिपि अधिकारका विभिन्न विधामा स्थापना हुने रोयल्टी संकलन संस्थाहरूको रेखदेख, नियमन र नियन्त्रण गर्ने यसको अर्को अभिप्राय रहेको छ । स्रष्टा, सर्जक र रचयिताको मौलिक र बौद्धिक हितको प्रबर्द्धन गर्न नै यो कार्यालय स्थापनाको प्रमुख आधार हो । यस कार्यालयले स्रष्टा-सर्जकका अधिकार संरक्षणार्थ प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ का प्रावधानलाई छिटो, छरितो, प्रभावकारी, पारदर्शी र जवाफदेहीपूर्ण रूपमा कार्यान्वयन गर्ने कार्यमा उल्लेख्य योगदान गर्दै आएको छ ।

प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार (Copyright & Related Rights) को प्रभावकारी संरक्षणको लागि छुट्टै कार्यालय स्थापनाको अपरिहार्यता निकै अघिदेखि महसुस भएको हो तापनि तत्कालिन श्री ५ को सरकार (मं.प.) को मिति २०६०।१२।२६ को निर्णयानुसार मिति २०६१।१।७ मा मात्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना भई सञ्चालनमा आएको छ ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आ.व. ०७७।७८ को वार्षिक कार्यक्रममा समावेश भएका मुख्य मुख्य कार्यक्रमहरू:

| क्र.सं. | खर्च शिर्षक | कार्यक्रम | कार्यक्रम संख्या |
|---|---|---|---|
| १ | २२५१२ | प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायमा कार्यरत ४ प्रदेशका प्रहरी निरीक्षक, सरकारी वकिल, भंसार अधिकृत, श्रेस्तेदार र तहसिलदारह( रुलाई प्रादेशिकस्तरमा तालीम प्रदान गर्ने । | ४ वटा |
| २ | २२५१२ | प्रतिलिपि अधिकार तथा विश्व पुस्तक दिवस २३ अप्रील, विश्व बौद्धिक सम्पत्ती संगठन दिवस २६ अप्रील र विश्व संगीत दिवस २१ जुनका सन्दर्भमा दिवस मनाउने | ३ वटा |
| ३ | २२५२२ | प्रस्तोता समाज नेपालको सहकार्यमा कार्यक्रम गर्ने । | १ वटा |
| ४ | २२५२२ | संगीत उत्पादक समाज नेपालको सहकार्यमा कार्यक्रम गर्ने । | १ वटा |
| ५ | २२५२२ | संगीत रोयल्टी संकलन समाज नेपालको सहकार्यमा कार्यक्रम गर्ने । | १ वटा |
| ६ | २२५२२ | Beijing Treaty, WPPT, WPT Rome Convention सम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्ने (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | १ वटा |

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा विभिन्न जिल्लाहरूमा एकदिवसीय गोष्ठीहरू सम्पन्न:

### क) भोजपुर



प्रतिलिपि अधिकारका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरु भोजपुर जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय जिल्ला न्यायाधिवक्ताको कार्यालय लगायत जिल्लाका विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारीहरु, वकील, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, प्राचार्यहरु, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुख र प्रतिनिधिहरु, यातायात व्यावसायीहरु, पत्रकार, संचारकर्मी सहितका व्यक्तिहरुलाई प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा कानूनी प्रावधान, र सुधारका क्षेत्रहरु आदिका वारेमा जानकारी गराउने र अनुभव आदान प्रदान गर्ने उद्देश्यले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा आयोजित "प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु तथा श्रष्टाले प्राप्त गर्ने रोयल्टी" विषयक एकदिवसीय गोष्ठी कार्यक्रम मिति २०७७।०९।२७ गतेका दिन भोजपुर जिल्लाको सदरमुकाममा रहेको उद्योग बाणिज्य संघको सभाचहलमा संचालन भएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता भोजपुर जिल्ला अदालतका माननीय न्यायधिश श्री गेहेन्द्रराज पन्तले र जिल्ला प्रशासन कार्यालय भोजपुरका प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद भण्डारीले विशिष्ट अतिथिको रुपमा आतिथ्यता गर्नु भएको थियो भने भोजपुर जिल्लाका प्रहरी प्रमुख, गीत संगित क्षेत्रसंग सम्बन्धित संस्थाका प्रमुख, एवं प्रतिनिधिहरु, गितकार, विभिन्न क्षेत्रमा कार्यरत प्रहरी अधिकृतहरु भोजपुर



जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुखहरु एवं कर्मचारीहरु वौद्धिक सम्पत्ति सम्बन्धी अभियानमा संलग्न महानुभावहरु लगायत, पत्रकार संचारकर्मी र यस क्षेत्रसंग सम्बद्ध करिव ७५ जना व्यक्तिहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा आयोजक कार्यलयका तर्फबाट उपस्थित सम्पूर्ण अतिथि सहभागीहरुलाई स्वागत गर्दे शाखा अधिकृत श्री शिव कुमार अधिकारीले कार्यक्रमको महत्व माथि प्रकाश पार्नुभयो । स्वागत मन्तव्यको क्रममा उहाँले यो कार्यक्रममा उठ्ने बिषयबस्तु र प्राप्त हुने सुझावहरुले प्रतिलिपि अधिकार सम्बन्धी कानुन कार्यन्वयनको लागि भोलिका दिनमा कोशेढुङ्गा सावित हुने बिश्वास व्यक्त गर्दे सबै सहभागी महानुभावहरुमा सक्रिय सहभागीताको लागि अनुरोध समेत गर्नुभयो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले प्रतिलिपि अधिकार संरक्षण र यसका विविध पक्षहरु विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद भण्डारीले प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भयो । प्रस्तुत कार्यपत्रहरु माथि भोजपुर जिल्ला सरकारी वकील कार्यालयका प्रमुखले टिप्पणी गर्नु भएको थियो ।

कार्यक्रममा सम्बन्धमा प्रमुख अतिथि माननीय न्यायाधिश श्री गेहेन्द्रराज पन्त र विशिष्ट अतिथि श्री कृष्ण प्रसाद भण्डारीले कार्यक्रमको सफलताको कामना सहित कार्यक्रमका सम्बन्धमा टिप्पणी गर्नु हुदै यस्ता कार्यक्रमबाट प्रतिलिपि अधिकारको संरक्षण र सम्बर्द्धन गर्न कार्यक्रम निकै उपयोगी रहको विचार व्यक्त गर्नु भयो ।

कार्यक्रममा श्रष्टाहरुको तर्फबाट भोजपुर जिल्लाका पुराना श्रष्टा तथा गायक मोक्तान भाईका नामद्वारा परिचित श्री शेरबहादुर मोक्तानले कार्यक्रममा आफुलाई आमन्त्रण गर्नुभएकोमा धन्यबाद व्यक्त गर्दे जिल्लामा यस किसिमको कार्यक्रम राखेकोमा खुशी व्यक्त गर्दे "सिद्‌कालीं" नामक गीत गाँउदा वातावरण नै संगीतमय बनेको थियो ।

## ख) मंगलसेन

प्रतिलिपि अधिकार सम्बन्धी अधिकारका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरु अछाम जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्तको कार्यालय, अछाम जिल्लाका विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारीहरु, वकील, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, प्राचार्यहरु, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुख र प्रतिनिधिहरु, यातायात व्यवासायीहरु, पत्रकार, संचारकर्मी सहितका व्यक्तिहरुलाई प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा कानूनी प्रावधान, र सुधारका क्षेत्रहरु आदिका वारेमा जानकारी गराउने र अनुभव आदान प्रदान गर्ने उद्देश्यले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा आयोजित "प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु तथा श्रष्टाले प्राप्त गर्ने रोयल्टी" विषयक एकदिवसीय गोष्ठी अछाम जिल्लाको मंगलसेनमा मिति २०७७।११।१४ गतेका दिन आयोजना भएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईको सभापतित्वमा आयोजित उक्त कार्यक्रमको प्रमुख आतिथ्यता मंगलसेन नगरपालिकाका प्रमुख श्री पदम बहादुर बोहराले गर्नु भएको थियो । अछाम जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री गोकर्ण प्रसाद उपाध्याय विशिष्ट अतिथिको रुपमा उपस्थित हुन भएको थियो भने अछाम जिल्लाका प्रहरी प्रमुख लगायत, गीत






संगित क्षेत्रसंग सम्बन्धित संस्थाका प्रमुख, एवं प्रतिनिधिहरु, गितकार, प्रहरी अधिकृतहरु, सरकारी कार्यालयका प्रमुखहरु एवं कर्मचारीहरु वौद्धिक सम्पत्ति सम्बन्धी अभियानमा संलग्न विभिन्न क्षेत्रका महानुभावहरु लगायत, पत्रकार संचारकर्मी समेत करिव ६५ जना व्यक्तिहरुको सहभागिता रहेको थियो ।

रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले प्रतिलिपि अधिकार संरक्षण र यसका विविध पक्षहरु विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने प्रमुख जिल्ला अधिकारी श्री गोकर्ण प्रसाद उपाध्यायले प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै समाचारका विषय copyright हुने नहुने चर्चा गर्दै संकलन हो भने फरक विषय हुने धारणा व्यक्त गर्नु भयो । आफुले हालसम्म विभिन्न विषयका ३४ वटा पुस्तक लेख्दा समेत copyright को पुर्ण जानकार नभएको भन्ने विचार समेत व्यक्त गर्नु भयो । साथै वहांले नौलो खालको विषय वस्तु सम्बन्धी गोष्टी एवं कार्यक्रम अछाम जिल्लामा आयोजना भएकोमा खुशी व्यक्त गर्नु भयो । प्रस्तुत कार्यपत्रहरु माथि सहायक प्रमुख जिल्ला अधिकारी, र यस कार्यलयका शा.अ.श्री शिब कुमार अधिकारी समेतले टिप्पणी गर्नु भएको थियो ।

प्रमुख अतिथि एवं विशिष्ट अतिथिहरुले टिप्पणी गर्नु हुदै यस्ता कार्यक्रमबाट प्रतिलिपि अधिकारको सम्बन्धमा सरोकारवाला लगायत आम जनमानसमा प्रतिलिपि अधिकारको सम्बन्धमा जनचेतना फैलाउन कार्यक्रम उपयोगी रहको विचार व्यक्त गर्नु हुदै कार्यक्रम सफलताको कामना गर्नु भयो । गीत संगित क्षेत्रको उर्वर भूमी यस अछाम जिल्लामा संचालन गरि प्रतिलिपि अधिकार सम्बन्धमा भएका नीतिगत र कानूनी व्यवस्थाहरुको सम्बन्धमा जानकारी लिने दिने कार्यमा यस कार्यक्रमबाट अत्यन्त टेवा पुगेको विचार व्यक्त गर्नु भयो ।

## ग) दैलेख

प्रतिलिपि अधिकार सम्बन्धी अधिकारका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरु दैलेख जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्तको कार्यालय, जिल्लाका विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारीहरु, वकील, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, प्राचार्यहरु, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुख र प्रतिनिधिहरु, यातायात व्यवासायीहरु, पत्रकार, संचारकर्मी सहितका व्यक्तिहरुलाई प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा कानूनी प्रावधान, र सुधारका क्षेत्रहरु आदिका वारेमा जानकारी गराउने र अनुभव आदान प्रदान गर्ने उद्देश्यले **नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा आयोजित "प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु तथा श्रष्टाले प्राप्त गर्ने रोयल्टी" विषयक एकदिवसीय गोष्ठी** दैलेख **जिल्लाको सदरमुकाम** दैलेख **बजारमा** मिति २०७७।११।१६ गते आयोजना भएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता दैलेख जिल्लाका माननीय जिल्ला न्यायाधिश श्री दण्डपाणी लामिछानेले गर्नु भएको थियो ।

प्रमुख जिल्ला अधिकारी श्री सन्त





बहादुर सुनारले विशिष्ट अतिथिको रुपमा सहभागी हुनु भएको थियो भने जिल्लाका प्रहरी प्रमुख लगायत, गीत संगित क्षेत्रसंग सम्बन्धित संस्थाका प्रमुख, एवं प्रतिनिधिहरु, गितकार, प्रहरी अधिकृतहरु, विभिन्न सरकारी कार्यालयका प्रमुखहरु एवं कर्मचारीहरु वौद्धिक सम्पत्ति सम्बन्धी अभियानमा संलग्न महानुभावहरु लगायत, पत्रकार संचारकर्मी र यस क्षेत्रसंग सम्बद्ध करिव ७५ जना व्यक्तिहरुको सहभागिता रहेको थियो ।

रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले प्रतिलिपि अधिकार संरक्षण र यसका विविध पक्षहरु विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारले प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत कार्यपत्रहरु माथि सहायक प्रमुख जिल्ला अधिकारी, यस कार्यलयका शा.अ.श्री शिब कुमार अधिकारी समेतले टिप्पणी गर्नु भएको थियो ।

प्रमुख अतिथि एवं विशिष्ट अतिथिले टिप्पणी गर्नु हुदै यस्ता अन्तरक्रिया एवं छलफल कार्यक्रमबाट प्रतिलिपि अधिकारको सम्बन्धमा सरोकारवाला लगायत आम जनमानसमा प्रतिलिपि अधिकारको सम्बन्धमा जनचेतना फैलाउन कार्यक्रम उपयोगी रहको विचार व्यक्त गर्नु हुदै कार्यक्रमको सफलताको कामना गर्नु भयो । यस्तो गीत संगित क्षेत्रको उर्बर भूमी यस अछाम जिल्लामा संचालन गरिएको कार्यक्रमबाट प्रतिलिपि अधिकार सम्बन्धमा भएका नीतिगत र कानूनी व्यवस्थाहरुको सम्बन्धमा जानकारी लिने दिने कार्यबाट हामी सबैलाई प्रतिलिपि अधिकार बुझ्न कार्यक्रम प्रभावकारी रहेको विचार व्यक्त गर्नु भयो ।

## प्रतिलिपि अधिकार कानुन कार्यान्वयन र रोयल्टी व्यवस्थापनमा प्रदेश सरकारको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न:

### क) पोखरा:

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, प्रस्तोता समाज नेपाल तथा संगीत तथा चलचित्र उत्पादक समाज नेपालको संयुक्त अयोजनामा मिति २०७७।९।१७ गते गण्डकी प्रदेशको कास्कीको पोखरामा **"प्रतिलिपि अधिकार कानुन कार्यान्वयन र रोयल्टी व्यवस्थापानमा प्रदेश सरकारको भुमिका"** विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । संगीत तथा चलचित्र उत्पादक समाज नेपालका अध्यक्ष श्री निर्मल ढकाल र प्रस्तोता समाज नेपालका अध्यक्ष श्री शिव हमालको संयुक्त सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथ्यता गण्डकी प्रदेश सभाका सदस्य माननीय राजिव पहारीले गर्नु भएको थियो । उक्त कार्यक्रममा गण्डकी प्रदेश सभाका माननीय सदस्य श्री इन्द्रधारा विष्ट, नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराई, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षक श्री कृष्ण बस्याल, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका अधिकृत उत्तम दवाडी, शिव कुमार अधिकारी लगायत संगीत रोयल्टी संकलन समाज नेपालका अध्यक्ष श्री महेश खड्का, नेपाल संगीत उद्योग संघका अध्यक्ष श्री सूर्य बहादुर मगर

नेपाल चलचित्र निर्माता संघका सचिव श्री छवि राज ओझा, प्रस्तोता समाज नेपालका निवर्तमान अध्यक्ष श्री तुलसी पराजुली लगायत ठुलो संख्यामा श्रष्टा, सर्जक, कलाकार एवं टेलिभिजन च्यानलका प्रतिनिधि, मिडियाकर्मी पत्रकार गरी करिव १०० जनाका उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

प्रदेश सभा सदस्य माननीय राजिव पहारीले श्रष्टा, सर्जक र संस्कृतिको सम्मान भएमात्र राष्ट्र समृद्ध हुने कुरामा जोड दिनु भएको थियो भने प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले प्रतिलिपि अधिकार कानूनको बारेमा कार्यपत्र मार्फत प्रष्ट पार्नु भएको थियो । कार्यक्रममा संगीत रोयल्टी संकलन समाज नेपालका अध्यक्ष श्री महेश खड्का, प्रस्तोत समाज नेपालका अध्यक्ष श्री शिव हमालले सम्बोधन गर्नु भएको थियो । संगीत तथा चलचित्र उत्पादक समाज नेपालका महासचिव हुम गैरेले संचालन गर्नुभएको उक्त कार्यक्रममा समाजका उपाध्यक्ष श्री सूर्य वहादुर मगरले स्वागत मन्तव्य प्रस्तुत गर्नुं भएको थियो ।

## ख) बुटवल

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र संगीत रोयल्टी संकलन समाज नेपालको संयुक्त अयोजनामा मिति २०७७।११।२५ गते बुटवलमा **"प्रतिलिपि अधिकार कानुन कार्यान्वयन र रोयल्टी व्यवस्थापानमा प्रदेश सरकारको भुमिका"** विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालया रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथ्यता प्रदेश नं. ५ का भौतिक योजना तथा विकास मन्त्री माननीय श्री विजेनाथ चौधरी (थारु)ले गर्नु भएको थियो भने विशिष्ट अतिथिको आतिथ्यता प्रदेश नं. ५ का प्रमुख सचिव श्री भरतमणी सुवेदीज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा संगीत रोयल्टी संकलन समाज नेपालका अध्यक्ष श्री महेश खड्का, प्रस्तोता समाज नेपालका अध्यक्ष श्री शिव हमाल, संगीत तथा चलचित्र उत्पादक समाज नेपालको अध्यक्ष श्री निर्मल ढकाल लगायत उद्योग वाणिज्य संघ, ट्रक व्यवसायी संघ, टेम्पो अटा संघका पदाधिकारी र प्रतिनिधि लगायत यातायात व्यवसायी, श्रष्टा, सर्जक, कलाकार एवं टेलिभिजन च्यानलका प्रतिनिधि, मिडियाकर्मी पत्रकार गरी करिव ७० जनाको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा सम्बोधन गर्नु हुंदै प्रदेश नं. ५ का भौतिक योजना तथा पूर्वाधार विकास मन्त्री माननीय श्री विजेनाथ चौधरीले संगीत रोयल्टी संकलनमा आफ्नो मन्त्रालयबाट सदैव सहयोग रहने प्रतिवद्धता जाहेर गर्नु हुंदै कार्यक्रम अत्यन्त उपयोगी रहेको कुरा बताउनु हुंदै कार्यक्रमको सफलताको कामना गर्नु भयो । प्रदेश नं. ५ का प्रमुख सचिव श्री भरतमणी सुवेदीले हिजोको दिनमा पनि आफ्नो तर्फबाट सहयोग भएको र आगामी दिनमा समेत निरन्तर आफु संगीत रोयल्टी संकलनको लागि सहयोग गर्न तत्पर रहको कुरा बताउनु भयो । कार्यक्रमा अतिथिको तर्फबाट मन्तव्य राख्नु हुंदै ट्रक व्यवसायी संघका प्रतिनिधिले आफुहरु संगीत रोयल्टीको विषयमा जानकार नरहेको तर यातायात व्यवसायीहरुलाई राज्यको तर्फबाट सहुलियत प्रदान गर्न सकेमा संगीत रोयल्टी संकलन सहज हुने कुरा बताउनु हुंदै कार्यक्रमको सफलताको कामना गर्नु भयो । कार्यक्रमलाई नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले समेत सम्बोधन गर्नु भएको थियो ।

## नेपालमा रहेका रोयल्टी संकलन संस्थाहरू सम्बन्धी जानकारी:

प्रतिलिपि अधिकार सम्बन्धी रचनाको रोयल्टी निर्धारण गर्ने, संकलन गर्ने, संकलित रोयल्टी वितवरण गर्ने प्रयोजनको लागि प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ मा भएको व्यवस्था बमोजिम सामान्यतया एउटा विधामा एउटा रोयल्टी संकलन संस्था अवच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रुपमा तोकिए बमोजिम गठन गर्ने व्यवस्था भए बमोजिम निम्न तीनवटा संस्थाहरु यस कार्यालयमा दर्ता भएका छन् ।

क) संगीत रोयल्टी संकलन समाज नेपाल - अध्यक्ष, महेश खड्का
ख) प्रस्तोता समाज नेपाल - अध्यक्ष, शिव हमाल
ग) संगीत तथा चलचित्र उत्पादक समाज नेपाल - अध्यक्ष, निर्मल ढकाल

## रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठकहरु सम्पन्न ।





कला, साहित्य एवं संगित उद्योगलाई स्थापित गर्ने श्रष्टा कलाकार, उत्पादक एवं लेखकको हक अधिकार एवं गौरवलाई प्रवर्द्धन गर्न सिर्जित (कला, संगित चलचित्र, लेख) लगायतको सर्वाजनिक प्रयोगबाट प्राप्त रोयल्टी उपलब्ध गराउने सम्बन्धमा व्यवस्थापिका संसद विकास समितिको निर्णयानुसार सूचना तथा संचार मन्त्रालयबाट गठित समितिबाट पेश भएको प्रदिवेदनमा औल्याइएका सुझावहरु कर्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७२।९।१४ को सचिव स्तरिय निर्णयबाट गठन भएको रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठकहरु २०७७ साल माघ २६ गते र २०७७ साल फागुन १२ गते सम्पन्न भयो । सम्पन्न बैठकबाट आगामी आ.व. २०७८।७९ मा गीत संगीतको तथ्यपरक तथ्याकं संकलन गर्न सो सम्बन्धी Central Server सहित Software निर्माण गर्न संभाव्यता अगाडी बढाउने लगायतका निर्णय गरिएको छ ।

## 'रोयल्टी संकलन र वितरणका सन्दर्भमा हाल देखिएको समस्या समाधान उपर सिफारिस गर्न, गीत संगितका क्षेत्रमा गर्नुपर्ने कानूनी र संस्थागत सुधार समेतको सिफरिस गर्न' उच्चस्तरिय समिति गठन:

२०७६ साल फागुन २२ गते विहिबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्री श्री योगेश कुमार भट्टराईज्यूको समुपस्थितिमा श्रीमान् सचिवज्यू लगायत गीत, संगीत एवं कला क्षेत्रका प्रतिष्ठित, गीतकार, संगीतकार, गायक, उत्पादक र वितरक एवं सामुहिक व्यवस्थापन संगठनका पदाधिकारीहरुको समेत उपस्थितिमा गीत, संगीत क्षेत्रको रोयल्टी व्यवस्थापन सम्बन्धी विषयमा एक छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

माननीय मन्त्रीज्यूको समेत उपस्थितिमा भएको सो छलफल कार्यक्रममा गीत संगीतको क्षेत्रमा क्रियाशिल श्रष्टा सर्जकहरु एवं कला क्षेत्रका प्रतिष्ठित महानुभावहरु बीच भएको छलफलबाट नेपाल प्रतिलिपि अधिकार ऐन, २०५९ र सो सम्बन्धी नियमावली बमोजिम प्राप्त गर्नुपर्ने रोयल्टी संकलन र वितरणका सन्दर्भमा हाल देखिएको समस्या समाधानका उपायहरु सिफारिस गर्न, गीत संगितका क्षेत्रमा गर्नुपर्ने कानूनी र संस्थागत सुधार समेतको सिफारिस गर्न कार्यक्षेत्रगत शर्तहरु समेत प्रस्ताव गरी समिति गठन उपयुक्त हुने राय र धारणा प्राप्त भएको सन्दर्भमा उपरोक्त बमोजिमको समस्या समाधानका उपायहरुका सम्बन्धमा सिफारिस गर्न "रोयल्टी संकलन र वितरणका सन्दर्भमा हाल देखिएको समस्या समाधान उपर सिफारिस गर्न, गीत संगितका क्षेत्रमा गर्नुपर्ने कानूनी र संस्थागत सुधार समेतको सिफरिस गर्न" कार्य क्षेत्रगत शर्तहरु समेत प्रस्ताव गरी समिति गठनको लागि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७७।७।१२ (मन्त्री स्तर) को निर्णय बमोजिम समिति गठन भएको थियो ।

यस्तो महत्वपूर्ण विषयमा समायानूकुल सिफारिस सहितको प्रतिवेदन पेश गर्ने जिम्मेवारी पाएको समितिले विभिन्न मितिहरुमा बैठक सम्पन्न गऱ्यो भने गीत संगीत क्षेत्रका श्रष्टा, सर्जक, कलाकार सहितको छलफल एवं अन्तरक्रिया कार्यक्रम आवश्यकता अनुसार आयोजना गरी राय सुझाव संकलन समेत गरेको थियो । समितिको संयोजक एवं सदस्यहरुको

ज्ञान सीप, आमन्त्रित सदस्यहरु र सल्लाहकार समूहबाट प्राप्त महत्वपूर्ण राय सुझाव लगायत यस क्षेत्रका विज्ञ, सरोकारवाला, श्रष्टा, कलाकार साहित्यकारहरुसंगको अन्तरक्रिया एवं छलफलबाट प्राप्त राय सुझावहरुलाई समेत समावेश गरी नितगत, कानूनी र संस्थागत सुधारको माध्यमबाट गीत संगीत क्षेत्रमा देखिएको अधिकतम समस्याहरु समाधान गर्न सम्भव हुने निश्कर्ष सहितको प्रतिवेदन पेश गर्ने समितिको राय रहेको छ ।

## गितकार संघ नेपाल र संगितकार संघ नेपालका नवनिर्वाचित पदाधिकारीहरुलाई स्वागत एवं समसामयिक विषयमा छलफल कार्यक्रम सम्पन्न:

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा गीतकार संघ नेपाल एवं संगीतकार संघ नेपालका नवनिर्वाचित पदाधिकारीहरुलाई बधाई एवं शुभकामना तथा स्वागत कार्यक्रम कार्यालयको सभाहलमा यहि २०७७।११।७ गतेका दिन आयोजना गरियो । उक्त कार्यक्रममा आमन्त्रण गरिएका गीतकार संघ नेपाल एवं संगीतकार संघ नेपालका नवनिर्वाचित पदाधिकारीहरु र यस कार्यालयका सम्पूर्ण कर्मचारीहरु लगायत विभिन्न क्षेत्रका अतिथिहरुको समेत सहभागितामा स्वागत एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रमको संचालन कार्यालयका शाखा अधिकृत श्री शिव कुमार अधिकारीले गर्नु भएको थियो । कार्यक्रममा रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले नवनिर्वाचित पदाधिकारीहरुलाई खादा लगाई स्वागत एवं बधाई ज्ञापन गर्नु हुंदै सफल कार्यकालको लागि शुभकामना प्रदान गर्नु भएको थियो ।

कार्यक्रममा गीतकार संघ, नेपालका नवनिर्वाचित अध्यक्ष शुभ मुकारुङ, आफ्ना भनाईहरु राख्नु हुंदै आफ्नो मातृ संस्थाको रुपमा रहेको रजिष्ट्रार कार्यालयले आयोजना गरेको यस प्रकारको कार्यक्रमबाट आफुले पाएको जिम्मेवारी अझै राम्रोसंग सम्पन्न गर्ने हौसला मिलेको कुरा उल्लेख गर्नु हुंदै यस प्रकारको कार्यक्रम आयोजना गरेकोमा धन्यवाद दिनु भयो भने संगीतकार संघका नवनिर्वाचित अध्यक्ष पारश मुकारुङले गीत संगीत क्षेत्रको विकासमा रजिष्ट्रार कार्यालयको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको कुरा उल्लेख गर्नु हुंदै भविश्यमा रजिष्ट्रार कार्यालय र संगीतकार संघ नेपालको सहकार्यमा संगीत क्षेत्रको विकासमा लागि पर्ने प्रण गर्दै स्वागत कार्यक्रम आयोजना गरेकोमा रजिष्ट्रार कार्यालय प्रति कृतज्ञता ज्ञापन गर्नु भएको थियो ।

## विश्व पुस्तक दिवस तथा प्रतिलिपि अधिकार दिवस, २०२१ को सन्दर्भमा AP1 Television बाट साक्षात्कार कार्यक्रम आयोजना:




यस कार्यक्रमको पूर्ण भाग यस कार्यालयको Website मा गई हेर्न सकिनेछ ।

विश्व पुस्तक दिवस तथा प्रतिलिपि अधिकार दिवस २०२१ को अवसरमा April 24, 2021 का दिन AP1 Television मार्फत एक साक्षात्कार कार्यक्रम आयोजना गरियो । उक्त साक्षात्कार कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराई, सर्वोच्च अदालतका पूर्व रजिष्ट्रार डा. रामकृष्ण तिमिल्सिना र नेपाल प्रतिलिपि अधिकार संरक्षण समाजका अध्यक्ष श्री सन्तोष शर्माले भाग लिनु भएको थियो । कार्यक्रममा विश्व पुस्तक दिवस तथा प्रतिलिपि अधिकार दिवसलाई केन्द्र विन्दुमा राखेर वौद्धिक सम्पत्ती भनेको के हो ?, वौद्धिक सम्पत्ति चोरीको अवस्था, प्रतिलिपि अधिकार भनेको के हो ? कस्ता श्रष्टा र सर्जक यसबाट लाभान्वित हुन सक्छन्, बौद्धिक सम्पत्ती सम्बन्धी कानूनी व्यवस्था लगायतका विषयहरुमा चर्चा गरिएको थियो । प्रतिलिपि अधिकार स्रष्टाको अधिकारको संरक्षण हालको अवस्था र सुधारका उपायहरुमा केन्द्रित रहेर गरिएको टेलिभिजन कार्यक्रमबाट प्रतिलिपि अधिकारको विषयलाई जनसमक्ष प्रचार प्रसारमा लैजान महत्वपूर्ण र उल्लेख्य भूमिका रहेको थियो ।

## विश्व बौद्धिक सम्पत्ती दिवसको अवसरमा जेष्ठ सर्जक श्री भैरव वहादुर थापाज्यूलाई सम्मान एवं वहांको रचना 'नित्याक्षर विज्ञान' को दर्ता प्रमाणपत्र प्रदान:




नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा मिति २०७८।१।१३ विश्व बौद्धिक सम्पत्ती दिवसको अवसरमा कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विशेष अतिथिको रुपमा ८९ वर्षको जेष्ठ सर्जक श्री भैरव वहादुर थापालाई सम्मान गरियो, उक्त कार्यक्रममा संगीत रोयल्टी संकलन समाजका अध्यक्ष श्री महेश खड्का, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कर्यालयका सम्पूर्ण कर्मचारीहरु लगायत विभिन्न क्षेत्रका अतिथिहरुको सहभागिता रहेको थियो । कोभिड १९ का कारण न्यून सहभागितामा संचालन गरिएको कार्यक्रमको संचालन कार्यालयका शाखा अधिकृत श्री शिव कुमार अधिकारीले गर्नु भएको थियो । रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले विश्व बौद्धिक सम्पत्ती दिवसको विषयमा चर्चा गर्नु हुंदै वरिष्ट सर्जक श्री भैरव वहादुर थापा प्रति कृतज्ञता ज्ञापन गर्नु भयो । साथै सोहि कार्यक्रम वीच जेष्ठ सर्जक श्री भैरव वहादुर थापाज्यूलाई दोसल्ला ओढाई सम्मान एवं वहांको रचना "नित्याक्षर विज्ञान" को दर्ता प्रमाणपत्र समेत प्रदान गरिएको थियो ।

सर्जक श्री भैरव वहादुर थापाले आजको कार्यक्रमबाट आफु ज्यादै हर्षित भएको र यसबाट आफुलाई अझै प्रेरणा प्राप्त भएको कुरा बताउनु हुदै विश्व बौद्धिक सम्पत्ती दिवसको अवसरमा आफुलाई बोलाई सम्मान समेत गरेकोमा कार्यालय प्रति कृतज्ञता व्यक्त गर्दै यस्ता कार्यक्रमबाट कलाकार सर्जकलाई अझै हौसला प्राप्त हुने कुरा बताउनु भयो ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट विभिन्न जिल्लामा अनुगमन गर्ने कार्य सम्पन्न

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको तर्फबाट विभिन्न समय समयमा कर्मचारीहरुबाट निम्न जिल्लाहरुमा प्रतिलिपि अधिकार सचेतना र प्रतिलिपि अधिकार उलघंनका सम्बन्धमा जानकारी लिने छलफल गर्ने र सचेतनाका साथै प्रचार प्रसार सामाग्रीहरु वितरण गर्न अनुगमन गरिएका जिल्लाहरुको विवरण:

क) मोरगं ख) पर्वत ग) खोटागं घ) रसुवा ङ) सुनसरी च) रामेछाप छ) सिराहा
ज) सिन्धुपाल्चोक

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा गित संगितसंग सम्बन्धित विषयमा परेका उजुरीहरुको विवरण:

क) मिति २०७७६।१६ मा विन्ध्यवासिनि म्युजिकका सुवास रेग्मी निवेदक रहेको गायक प्रमोद खरेलले उत्पादकको विना अनुमती गीत, संगीत अनाधिकृत रुपमा प्रयोग गरेको हुनाले १ करोड क्षतिपूर्तिको मागदावी गर्दै आवश्यक कारवाहीका लागि निवेदन दिनु भएको र आवश्यक छलफल गरिएको ।

ख) मिति २०७७८।२४ मा माथि उल्लेखित उजुरीसंग सम्बन्धित विषयमा गीति संग्रहको स्वामित्व फिर्ता गरी प्रस्तोताको नैतिक तथा आर्थिक अधिकार दिलाई पाउं भनी निवेदक प्रमोद खरेलले यस कार्यालयमा निवेदन पेश गर्नु भएको ।

ग) मिति २०७७।७।१६ मा Highlihghts Nepal Pvt. Ltd ले प्रतिलिपि अधिकार उल्लंघनकर्ता छानविन गरी कानून बमोजिम कारवाही गरी पांऊ भनी दिएको निवेदन कार्यालयबाट २०७७।७।१७ मा महानगरीय प्रहरी परिसर टेकुमा आवश्यक कारवाहीका लागि पठाईएको ।

घ) सर्जक तथा गायक लिलाराज श्रेष्ठले गायक तथा संगीतकार सुनिता दुलाल र सुरज अधिकारीबाट लय कपी गरेको भनी कारवाहीको लागि निवेदन पेश गर्नु भएकोमा विपक्षीहरुलाई छलफलमा बोलाई समाधानको प्रयास गरिएको ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा रचना दर्ता सम्बन्धमा परेका द्विविधाहरुलाई समाधान गर्न बसेको विज्ञ समितिको बैठकको विवरणः

यस कार्यालयमा दर्ताको लागि निवेदन साथ प्राप्त भएका विभिन्न विधाका रचनाहरुलाई नेपाल प्रतिलिपि अधिकार ऐन र नियमावली बमोजिम दर्ता गरी प्रमाणपत्र प्रदान गर्नको लागि दर्ताका लागि प्राप्त रचनाहरुका सम्बन्धमा परेका द्विविधाहरुलाई समाधान गर्न ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम विज्ञहरुको राय लिई दर्ता प्रक्रियालाई सहजीकरण गर्न सक्ने प्रावधान बमोजिम आ.व २०७७।७८ मा जम्मा ९ वटा विज्ञ समितिको बैठकहरु बसी रचना दर्ता सम्बन्धमा परेको द्विविधालाई समाधान गरी रचना दर्ता गर्ने कार्य सम्पन्न गरिएको छ ।

## WIPO द्वारा आयोजना गरिएको विभिन्न International Conference हरुमा सहभागी

क) World Intellectual Proeperty Orginazation (WIPO) द्वारा मिति २०७७।५।३१ (16 Septemenber 2020) मा आयोजना गरिएको WIPO Conference on the Global Digital Content Market विषयक International Conference मा यस कार्यालयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराई Virtual माध्यमबाट सहभागी हुनु भएको ।

ख) World Intellectual Proeperty Orginazation (WIPO) द्वारा मिति 22 April 2021 मा आयोजना गरिएको High Level Virtual Meeting on Copyright as a key Player for Promoting Creativity and Creative Economic for Policy Maker a least Developed Countries in the Asia and Pacific Region ljifos International Conference मा यस कार्यालयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराई Virtual माध्यमबाट सहभागी हुनु भएको ।

## नेपाल उद्योग वाणिज्य महासंघद्वारा आयोजित प्रतिलिपि अधिकार कानूनी व्यवस्था र चुनौती विषयक अन्तरक्रिया कार्यक्रमः

माननीय मन्त्री भानुभक्त ढकालज्यूको प्रमुख अतिथ्यमा २०७७।११।१० गते सम्पन्न कार्यक्रममा सहभागी भई प्रतिलिपि अधिकार र चलचित्र मनोरन्जन फोरमका बारेमा अन्तरक्रिया र छलफल कार्यक्रममा Panalist का रुपमा सहभागी ।

## आ.ब. २०७७।७८ को आषाढ मसान्तसम्म विभिन्न विधामा दर्ता भएका प्रतिलिपि अधिकारजन्य रचनाहरुको विवरणः

| आ.व. | साहित्य लेखन | म्यागजिन प्रकाशन | अनुवाद रचना | आर्ट/ पेन्टिङ्ग | ध्वनि अंकन | आर्किटेक्ट नमूना | काष्ठकला, धातुकला, | कम्प्युटर सफ्टवेयर मूर्तिकला, डिजिटल आर्ट | प्रस्तुति रचना | फोटोजन्य रचना | शोधपत्र | चलचित्र वृत्तचित्र | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०६१/६२ | ४७ | १ | ४ | २७ | १९ | २ | - | २ | १ | - | - | - | १०३ |
| ०६२/६३ | १६६ | - | १ | ३ | १० | - | - | ३ | १ | १३ | ३ | - | २०० |
| ०६३/६४ | १०७ | १ | - | २ | ८ | - | ३ | ८ | १ | १७ | - | १ | १४८ |
| ०६४/६५ | ८६ | - | - | २४ | २ | - | - | १ | १ | - | - | १ | ११५ |
| ०६५/६६ | ९३ | - | - | १६ | - | - | - | - | - | - | - | २ | १११ |
| ०६६/६७ | ७१ | - | - | - | ७ | - | - | - | - | द्द | - | - | ८० |
| ०६७/६८ | ५६ | - | - | - | १ | - | - | - | - | - | - | २ | ५९ |
| ०६८/६९ | ५५ | - | - | - | ३ | - | १ | १ | - | २ | - | १ | ६३ |
| ०६९/७० | ९६ | १ | ० | २ | २ | - | १११ | १ | - | - | - | - | २१३ |
| ०७०/७१ | ५२ | - | - | - | ४ | - | - | ६ | - | १२ | - | - | ७४ |
| ०७१/७२ | १०३ | - | - | - | ३ | - | - | १ | - | - | - | - | १०७ |
| ०७२/७३ | १२२ | - | - | - | ७ | ४१ | - | ४ | - | १ | १ | १ | १७७ |
| ०७३/७४ | ८८ | - | - | ११ | १२ | ३ | ३ | १ | - | १ | १ | - | १२० |
| ०७४/७५ | ४४ | - | - | १ | ७ | - | ३ | ३ | - | - | ० | - | ५८ |
| ०७५/७६ | १२७ | - | - | ५ | १२ | १ | ४० | ४ | १ | १ | १ | २ | १९४ |
| ०७६/७७ | १०५ | - | - | - | ४७ | - | - | २ | - | - | - | - | १५४ |
| ०७७/७८ | ८४ | - | - | - | १ | - | - | ७ | १ | १ | - | - | ९४ |
| जम्मा | १५०२ | ३ | ५ | ९१ | १४५ | ४७ | १६१ | ४४ | ६ | ५० | ६ | १० | २०७० |

## आ.ब. २०७७।७८ को आषाढ मसान्तसम्म विभिन्न विधामा दर्ता भएका प्रतिलिपि अधिकारजन्य रचनाहरूको दर्ता बापत प्राप्त राजश्व सम्बन्धी विवरण:

आ.व. २०७७।७८ मा कुल जम्मा ११,५००। राजश्व प्राप्त भएको छ ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा हालसम्म कार्यरत रजिष्ट्रारहरूको विवरण:


| सि.नं. | नामथर | देखि सम्म |
|---|---|---|
| १ | श्री राम प्रसाद भट्टराई | २०६४।४।१ देखि २०६४।४।९ |
| २ | श्री जन्मजय रेग्मी | २०६४।४।९ देखि २०६५।१।३ |
| ३ | श्री नारायण प्रसाद अर्याल | २०६५।१।१० देखि २०६५।७।२४ |
| ४ | श्री विर वहादुर राई | २०६५।७।२५ देखि २०६७।२।१० |
| ५ | श्री नारायण प्रसाद अर्याल | २०६७।१२।१८ देखि २०६८।२।२२ |
| ६ | श्री विशु कुमार के.सी. | २०६८।२।२३ देखि २०७१।५।३१ |
| ७ | श्री बाबुराम गौतम | २०७१।६।१ देखि २०७२।११।९ |
| ८ | श्री राजेन्द्र सिग्देल | २०७२।१२।३ देखि २०७५।३।३ |
| ९ | श्री प्रकाश आचार्य | २०७५।३।४ देखि २०७६।८।२३ |
| १० | श्री विष्णु कुमारी भट्टराई | २०७६।९।२ देखि हालसम्म |

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा हाल कार्यरत कर्मचारीहरूको विवरण:





| सि.नं. | नामथर | पद |
|---|---|---|
| १ | श्री विष्णु कुमारी भट्टराई | रजिष्ट्रार |
| २ | श्री उत्तम प्रसाद दवाडी | कम्प्युटर अधिकृत |
| ३ | श्री शिब कुमार अधिकारी | शाखा अधिकृत |
| ४. | श्री मनुका घिमिरे | कानून अधिकृत |
| ४ | श्री बालविनोद पोखरेल | नायव सुब्बा |
| ५ | श्री रोशनी कार्की | नायव सुब्बा |
| ६ | श्री शोभा अधिकारी पराजुली | नायव सुब्बा |
| ७ | श्री डम्बरु प्रसाद खनाल | लेखापाल |
| ८ | श्री लक्ष्मुमण श्रेष्ठ | हलुका सवारी चालक |
| ९ | श्री अस्मिता बास्तोला | कार्यालय सहयोगी |
| १० | श्री संजिप आचार्य | कार्यालय सहयोगी |




## सम्पादकीय

मानवबाट मौलिक तथा बौद्धिक रुपले सिर्जित रचना, ध्वनिअङ्कन, प्रस्तुति र प्रशारण आदिको कानूनद्धारा स्रष्टालाई प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ । कला, साहित्य र विज्ञानको विकासका लागि अत्यन्तै महत्वपूर्ण प्रतिलिपि अधिकारको महत्वलाई बुझी त्यसको संरक्षण तथा विकास गर्न जरुरी छ । नेपालमा २०२२ सालमा जारी गरिएको प्रतिलिपि अधिकार ऐनलाई परिमार्जन गरी २०५९ सालमा प्रतिलिपि अधिकार ऐन, २०५९ र २०६१ सालमा प्रतिलिपि अधिकार नियमावली जारी भएको छ । साथै नेपाल विश्व बौद्धिक सम्पत्ति संगठनको सदस्य, विश्व व्यापार संगठनको सदस्य र वर्न अभिसन्धिको पक्ष राष्ट्र समेत भईसकेको छ ।

प्रतिलिपि अधिकार व्यवस्थाले देशको साहित्य, कला, संस्कृति र आर्थिक क्षेत्रमा टेवा पुर्‍याउंछ । सिर्जनात्मक उद्योगको विकासबाट कूल ग्राहस्थ उत्पादनमा समेत योगदान दिन्छ । यस प्रकाशनको अध्ययनबाट प्रतिलिपि अधिकारका सम्बन्धमा स्रष्टा कलाकार, उत्पादक तथा आम जिज्ञासुलाई चालु आर्थिक वर्ष २०७६।७७ यस कार्यालयबाट सम्पन्न भएका प्रवर्द्धनात्मक कार्यहरु, प्रतिलिपि अधिकार सम्बन्धी राष्ट्रिय दिवसहरु, कानून कार्यान्वयन गर्नका लागि जारी भएका निर्देशिका तथा जानकारीमूलक पुस्तिका लगायतको बारेमा जानकारी प्राप्त हुनेछ ।

यस आ.व. मा स्रष्टा कलाकारहरुको लागि कृतिरसिर्जनाको सार्वजनिक प्रयोग वापतको रोयल्टी संकलन गर्ने कानूनी व्यवस्थालाई कार्यरुप दिन सरोकारवालासंग छलफल गरियो । रोयल्टी सम्बन्धी मापदण्ड निर्धारण र वितरण कार्यमा निर्देशन तथा अनुगमन गर्न गठित रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठक र अन्तरक्रियाहरु समेत सम्पन्न भएका छन् । यस वर्ष प्रतिलिपि अधिकार ऐन, २०५९ को संशोधनको लागि संशोधित मस्यौदा विधयेकको रुपमा संघीय संसदमा पेश भएको छ । यसैगरी रोयल्टी संकलनका संभावित ४० वटा क्षेत्रहरु पहिचान गरी तीनवटै रोयल्टी सम्बन्धी संस्थाहरुले रोयल्टी उठाउने कार्य गरिरहेको अवस्था छ । रोयल्टी संकलनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी भएका निर्देशनहरु र रोयल्टीलाई कानूनी रुपमा बाध्यकारी बनाउन भएका छलफल तथा प्रयासहरुको सकारात्मक प्रभावको पनि अपेक्षा गरिएको छ । दृष्टिबिहिन, दृष्टिक्षमता न्यून भएका र छापा सामाग्री पढ्न नसक्नेका लागि प्रतिलिपि अधिकारमा विशेष व्यवस्था गर्न अन्तराष्ट्रिय सन्धि माराकेश ट्रिटि २०13 को नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा प्रकृया अगाडि बढाईएको र हाल मन्त्रिपरिषद पठाईएको अवस्था रहेको छ । आगामी दिनहरुमा स्रष्टा सर्जक, कलाकारहरु एवं प्रतिलिपि अधिकार तथा सम्बन्धी अधिकार धनीहरुलाई मनासिव माफिकको रोयल्टी उपलब्ध गराउन सकिने आशाको किरण देखा परेको छ । प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकारका क्षेत्रमा आर्थिक वर्षभरी भए गरेका कार्यहरुको टिपोट गरी यस विषयका विज्ञ, सरोकारवालाहरु एवं आम जनसमुदायमा जानकारी दिन यस बुलेटिन तयार गरिएको छ । बुलेटिन तयारीका क्रममा खटिने यस कार्यलयका सहकर्मी लगायत सामग्री दिई सहयोग गर्नु हुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । यसमा भएका कमी कमजोरी एवं केही छुटेका विषय औल्याई दिनु भएमा आगामी प्रकाशनमा सुधार गरिने छ । प्रतिलिपि अधिकार सम्बन्धी अधिकारका सम्बन्धमा आम सरोकारवालाहरुको ध्यान आकर्षण गर्न

### नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयको अनुरोध

साहित्यिक तथा कलात्मक रचना, ध्वनिअंकन, प्रस्तुति र प्रसारण सिर्जनामा सिर्जनाकारको हक संरक्षण हुने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ ले गरेको हुंदा सिर्जनाको प्रयोगमा देहाय बमोजिम सतर्कता अपनाउनु हुन अनुरोध छ ।

- कसैले तयार गरेको साङ्गीतिक रचनामा अनुमति नलिई तोडमोड वा रिमिक्स गर्नु हुंदैन ।
- चलचित्रको पुरै वा आंशिक अंश चलचित्र उत्पादकको अनुमति नलिई पुनरुत्पादन गर्नु हुदैन ।
- फोटोजन्य रचनाको प्रयोग गर्दा फोटोग्राफरको अनुमति लिनु पर्दछ ।
- पुस्तक, लेख वा अन्य रचनाको पुरै वा कुनै अंशको प्रयोग गर्दा वा त्यस्ता रचनाको फोटोकपी गरी व्यापार गर्दा लेखक तथा प्रकाशकको अनुमति लिनु पर्दछ ।
- प्रसारण संस्था आफैले तयार गरी प्रसारण गरेको सामग्री अरुले आफ्नो सामग्री बनाई प्रसारण गर्नु हुदैन ।

यस्ता कार्यहरु अनुमति बिना गर्नु दण्डनीय अपराध भएको हुंदा अधिकार धनीको अनुमति लिएर मात्र सिर्जनाको प्रयोग गराउनु हुन अनुरोध छ ।

**Nepal Copyright Registrar's Office**
Shantinagar, Kathmandu, Nepal
Tel : 977-1-4117717, 4117718, 4117719
E-Mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट नि:शुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु

Mail to:

डिजाइन तथा कम्प्युटर - स्वेतकाली छापाखाना